# गण्डकी प्रदेश सभा

## नवौँ अधिवेशन

## बैठक संख्या -३

## सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८२ साल चैत्र ९ गते, सोमवार**

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको ११:१५ बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा माननीय कुशुम बुढा पुन, माननीय यशोदा रिमाल र माननीय भक्त बहादुर कुँवरले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात विशेष समय प्रारम्भ भयो। विशेष समयमा माननीय दोर्ण कुमार कुँवर, माननीय लिल बहादुर थापा मगर, माननीय सुशिला सिंखडा, माननीय कल्पना तिवारी, माननीय गणेशमान गुरुङ्, माननीय डिल्लीराम सुवेदी र माननीय वेद बहादुर गुरुङ् आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री माननीय प्रकाश बहादुर के.सी.ले "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" माथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त सामान्य छलफलमा माननीय अशोक कुमार श्रेष्ठ, माननीय सुधिर कुमार पौडेल, माननीय रेशम बहादुर जुग्जाली र माननीय विन्दु पौडेलले भाग लिनुभयो ।

तत्पश्चात भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मन्त्री माननीय प्रकाश बहादुर के.सी.ले "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदनन्तर सभाको अर्को बैठक मिति २०८२ साल चैत्र १० गते विहान ११:०० बजे बस्नेगरी बैंठक अपरान्ह १२:५८ बजे स्थगित भयो।

......................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव